स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री वर्षा राउत सीजी मोटर्सको प्रवर्धन दूत घोषित भएकी छन् । वर्षाले नयाँ गाडी आफ्नो जीवनमा आएकोमा खुसी जनाउदै जीएसी मोटर्सलाई इन्डोर्स गर्न पाउँदा गर्व महसुस गरेको बताएकी छन् । उनले मंगलबार बेलुका आयोन भी ब्राण्डको सेतो रङको गाडीसँगै स्याम्पेन खोल्दै खुसीको क्षणलाई सेलिब्रेसन गरेको तस्वीर सेयर गरेकी छन्। सीजी मोटर्सको गौरवशाली ब्राण्ड एन्डोर्सरको रूपमा पनि रहेको छ।'

**आजको विचार...**



जता....
(दुई पेजमा)

प्राडा. शान्तिकृष्ण अधिकारी

पछिल्लो समय म्युजिक भिडियोबाट फिल्ममा भित्रिने थुप्रै अभिनेत्री छन् । तीमध्ये धेरैको अनुभव छ- म्युजिक भिडियोभन्दा फिल्म धेरै गाह्रो ।'यस्तै अनुभव अभिनेत्री सनिशा भ राईको पनि छ । उनी पनि म्युजिक भिडियोभन्दा फिल्म अभिनय गाह्रो हुने बताउँछिन् । 'म धेरै वर्ष म्युजिक भिडियोको अनुभव लिएर फिल्ममा भित्रिएको भए अन्य धेरै कुरा दाँज्न सक्थेँ,' उनले भनिन्, 'एक वर्षमा दर्जन म्युजिक भिडियो अभिनय नगर्दै फिल्ममा आएँ । अनुभव धेरै छैन ।'



❑ वर्ष ३० ❑ अंक २९७ ❑ २०८२ जेठ ९ गते शुक्रबार 23 May 2025, Friday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### भारतमा भवन भत्किदा ६ को मृत्यु

(रासस/सिन्ह्वा)

**नयाँ दिल्ली,** जेठ ८/भारतको दक्षिणपश्चिमी महाराष्ट्र राज्यको एउटा पुरानो भवनको भाग मङ्गलबार राति भत्किँदा कम्तीमा छ जनाको मृत्यु हुनुका साथै अन्य छ जना घाइते भएको जनाइएको छ । महाराष्ट्रको 'कल्याण एस्टे क्षेत्र' मा भवनभित्र मर्मत सम्भार भइरहेको बेला घटना भएको भारतीय सञ्चारमाध्यमले समाचारमा जनाएका छन् । सञ्चारमाध्यमका अनुसार मर्मत कार्य गर्दा भवनको दोस्रो तलाको क्षत अचानक ढली भुइँमा खस्दा १२ जना उक्त भग्नावशेषमा फसेका थिए । घटनामा छ जनाको तत्कालै मृत्यु भएको तथा घाइतेहरूलाई स्थानीय अस्पतालमा भर्ना गरिएको र उद्धार अभियान तीन घण्टाभन्दा बढी चलेको प्रहरीले बताएको छ । घटनापछि, मनसुनको मौसम सुरु हुनुअघि सावधानीका रूपमा भवनका बासिन्दाहरूलाई भवनको संरचनात्मक परीक्षण गर्न चेतावनी जारी गरिएको छ ।

# छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु

**हाम्रा संवाददाता**

पाल्पा, जेठ ८/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रुपन्देही, रौतहटमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको हो ।

रूपन्देहीको सिद्धार्थनगर नगरपालिका-९ अञ्चलपुरस्थित सडकमा मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ । बुटवलबाट भैरहवातर्फ जाँदै गरेको लु.७५ प ७८४४ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक लुम्बिनी साँस्कृतिक नगरपालिका-९ का १९ वर्षीय निरज विश्वकर्माको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको



भीम अस्पताल भैरहवामा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै रौतहटको चन्द्रपुर नगरपालिका-८ सन्तपुर चोक नजिकै सडकमा मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । चपुरबाट डुमरीयातर्फ जाँदै गरेको ना.३६ प १२०० नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँका ४५ वर्षीय हरी चौधरीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको हाईवे ट्रामा चपुरमा उपचारको क्रममा मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यसैगरी रौतहटको चन्द्रपुर नगरपालिका-८ सन्तपुरस्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । गरूडाबाट चपुरतर्फ जाँदै गरेको ना.५६ प २९८० नम्बरको मोटरसाइकल दुर्घटना हुँदा मोटरसाइकलमा सवार वृन्दावन नगरपालिका-६ हर्षाहा बस्ने ३८ वर्षीया सबिता देवीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी उनको चपुरस्थित सिभिल अस्पताल हुँदै न्यूरो अस्पताल वीरगंजमा थप उपचारको क्रममा मृत्यु भएको हो । तीन वटै घटनाका विषयमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# स्थानीय आफैँले बनाउन थाले खोलामा पुल

**तुलसीपुर (दाङ), जेठ ८**/दाङ-रोल्पा सडकखण्डअन्तर्गत विजौरी-होलेरी सडकखण्डको बीचमा पर्ने ग्वारखोलामा पुल छैन । पुल नहुँदा बर्खामा आवतजावत नै ठप्प हुन्छ । रोल्पाको रुन्टीगढी गाउँपालिकाको व्यापारिक थलो भनेकै दाङको विजौरी हो ।

त्यतिमात्र होइन्, बिरामी पर्दा, उच्च शिक्षाका लागि विद्यार्थी पनि त्यही बाटो आउनु पर्छ । तर, ग्वारखोलामा मोटरेबल पुल नहुँदा वर्षामा आवतजावतमा निकै समस्या पर्ने गर्छ भने बर्सेनि मानिस पनि बगाउने गर्छ । ग्वारखोलामा पुल निर्माणका लागि मात्र चालु वर्षमा एक करोड ३० लाख बजेट परेको थियो । तर, त्यो बजेटअनुसार पनि काम हुन सकेन । त्यहाँको बजेट अन्तै गयो । "अहिले बजेट आएको थियो, काम त सुरु होला भन्ने थियो", स्थानीय प्रशान्त पुनले भने, "त्यो बजेट पनि अन्तै गयो भन्ने सुनिन्छ ।" विसं २०७० मा उक्त सडकको ट्र्याक खोलिएको भए पनि १२ वर्षसम्ममा पनि पुल नबनेपछि स्थानीय आफैँले अहिले पुल निर्माण थालेका छन् । स्थानीय सबैले श्रमदान गरेर मोटरसाइकल हिँड्ने गरी पुल निर्माण सुरु गरिएको उनले बताए । "वर्षा आउँदैछ, हिँड्नलाई पुल छैन, आएको बजेटले पनि काम हुँदैन", पुनले भने, "वर्षामा दु:ख बिरामी पर्दा



अस्पतालसम्म लिने त हुनुपर्यो, त्यही भएर स्थानीयले आफैँ श्रमदान गरेर पुल निर्माण गर्न थालेका हौँ ।" सिमेन्ट र सरिया सहयोग मागेर पुलको श्रमदान आफैँ गर्न लागेको स्थानीय लालबहादुर पुनले बताए । "हामीसँग अहिले पैसा छैन, आर्थिक सहयोग संक्लन गरेर काम अगाडि बढाइरहेका छौँ", उनले भने, "सबैले सहयोग गरे काम सम्भव पनि छ ।" स्थानीयले श्रमदान गरे पनि मिस्त्रीलाई भने ज्याला दिएरै ल्याउनुपर्ने अवस्था रहेको उनको भनाइ छ ।सरकारले बाटो बनाए पनि पुल नबनाउँदा यसरी सास्ती खेप्नुपरेको उनको गुनासो छ । पुल नबन्दा छ महिना उक्त सडक सञ्चालन हुने र छ महिना ठप्प हुने अवस्था आएको पुनले बताए । रुकुमको चुनवाङसम्म जोड्ने उक्त सडकको स्तरवृद्धिका लागि पटकपटक सम्बन्धित निकायमा गएको भए पनि सुनुवाइ नभएको दाङस्थित विजौरी उद्योग वाणिज्य सैका अध्यक्ष रेश्मीराज खड्काले बताए ।

यदि सोही खोलामा सडक बनेमा त्यहाँ उत्पादन भएको तरकारी पनि सहजै विजौरी बजारमा लैजान सकिने बताए । उक्त सडक विस्तार भएमा व्यापरिक हिसाबले पनि फाइदा पुग्ने उनको भनाइ छ । सोही सडकमा पुल निर्माणका लागि पहललाई निरन्तरता दिने उनले प्रतिबद्धता जनाए । विजौरीबाट होलरीसम्म २९ किलोमिटर छ ।

त्यसमध्ये होलेरी क्षेत्रमा पाँच किलोमिटर र विजौरी क्षेत्रमा नौ किलोमिटर सडक कालोपत्रसमेत भइसकेको छ भने बाँकी १५ किलोमिटर सडक स्तरवृद्धि हुन नसक्दा आवतजावतमा निकै समस्या हुने गरेको रुन्टीगढी गाउँपालिका-८ का वडाध्यक्ष तुलसी पुनमगरले बताइन् । "बीचमा बाटो स्तरवृद्धि छैन, ग्वारखोलामा पनि पुल छैन", उनले भनिन्, 'त्यसले गर्दा आवतजावतमा निकै कठिनाइ हुने गरेको 5.' -रासस

## कृषि उत्पादन बढाऔं

- खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
- जैविक मल र जैविक विषादीको प्रयोग बढाऔं,
- स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं,
- प्राङ्गारिक वस्तुको उत्पादन र उपभोगलाई प्रवर्द्धन गरौं,
- कृषि तथा पशुपन्छी पालनसम्बन्धी तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी होऔं,
- कृषि अनुदानको सही सदुपयोग गरौं,
- बाली तथा पशुपन्छीमा समस्या देखिए कृषि प्राविधिसँग सल्लाह सुझाव लिऊँ, कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## गभर्नरका चुनौती

सत्ता गठबन्धन नै धर्मराउने गरी बल्झिरहेको नेपाल राष्ट्र बैंकको १८ औं गभर्नरमा अन्ततः प्रा.डा. विश्वनाथ पौडेल नियुक्त भएका छन् । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले पौडेललाई गभर्नरमा नियुक्त गर्दै केन्द्रीय बैंकमा लामो समयदेखि रहेको नेतृत्व रिक्तता अन्त्य गरेको हो । कानुनले निर्धारण गरेभन्दा ढिलो गरी सरकारले पौडेललाई गभर्नरको जिम्मेवारी त सुम्पिएको छ, यो उनका लागि नयाँ अवसर भए पनि थुप्रै चुनौतिहरु पनि रहेका छन् । गभर्नर पौडेलका लागि अर्थतन्त्रलाई चलायमान बनाउने पुँजी बजार, घरजग्गा कारोबारलाई गति दिनु, वित्तीय अनुशासन कमजोर बन्दै गएको अवस्थामा बेथिति सुधार गर्नु, नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अध्ययन–अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाउनु, व्यावसायिक आत्मविश्वास बढाउनु, उपयुक्त मौद्रिक नीति तर्जुमा गर्ने र सो नीति कार्यान्वयन गर्ने गराउनु, शिथिल अर्थतन्त्रलाई चलायमान बनाउने अवसर छ, जुन चुनौतीपूर्ण छ ।

नवनियुक्त गभर्नर पौडेल आर्थिक इतिहासका जानकारका रूपमा त परिचित छन्, तर वित्तीय क्षेत्रलाई कस्तो नेतृत्व दिन्छन् भन्ने भविष्यले मात्रै बताउन सक्छ । गभर्नर नियुक्तिकै सिलसिलामा राष्ट्र बैंकभित्रकै कर्मचारी प्रशासन विभाजित मनस्थितिमा रहेको हुँदा त्यहीँबाट विश्वास आर्जन गर्दै पौडेलले कार्यारम्भ गर्नुपर्छ । सरकारको आर्थिक सल्लाहकार मानिने केन्द्रीय बैंक आफैमा भने स्वायत्त हो, त्यस मान्यतालाई व्यवहारतः अक्षुण्ण राख्न सक्नुपर्नेछ पौडेलले । निक्षेपको ब्याजदर तल्लोविन्दुमा झर्दा आगामी दिनमा बचतमा सङ्कट उत्पन्न हुने जोखिम छ । यो तरलता परिचालनको निकास अविलम्ब निकाल्दै जानुपर्ने छ । आर्थिक वृद्धिदरलाई सहयोग हुने र पुँजी पलायन रोक्न सक्ने ब्याजदरतर्फ स्थायित्व दिँदै जानुपर्ने चुनौती छ । त्यसै गरी सरकार र अर्थ मन्त्रालयबिचमा कतिपय अवस्थामा आउने अविश्वासलाई नीतिगत र संस्थागत सम्बन्ध तथा सुस्थायित्वको वातावरणसमेत बनाउनु छ । त्यसै गरी निजी क्षेत्रको आत्मविश्वास अभिवृद्धि गर्दै लगानीमैत्री वातावरणको निर्माण गरी अर्थतन्त्रलाई चलायमान बनाउनु छ । यी र यस्तै चुनौती नवनियुक्त गभर्नरमा देखिन्छ । यसर्थ यी चुनौतीहरुलाई चिर्दै अर्थतन्त्र सुधारको दिशा लाग्नु गभर्नर पौडेलका लागि उचित हुन्छ ।

### Opinion @ Social Network

लास जलाएर फर्किएको मान्छे त फेरि त्यहि ठाँउमा गएर जल्नु पर्छ भने तिमि के का लागि घमन्ड गर्छौं ।

*(दिपक थापाको फेसबुक स्टाटस https://www.facebook.com/Dipak.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जता हेर्‍यो उतै पहिरो



प्राडा. शान्तिकृष्ण अधिकारी

*युवाहरू नेपालमै बसे बाँझा जमिन जोतिने निश्चित छ । युवाहरूले उत्पादन गरेका कृषिजन्य सामग्रीको खपतको निश्चितता प्राप्त भए खाद्यान्नमा मुलुक आत्मनिर्भर हुँदै जानेमा कुनै शंका छैन ।*

एउटा कथा छ । एकजना वैज्ञानिक भ्यागुतासम्बन्धी अध्ययन गर्न बसेछन् । भ्यागुताको कान नजिकै लगेर थालमा चम्चाले ठोकेछन् । आवाज आउने बित्तिकै भ्यागुतो उफ्रियो । त्यो भ्यागुताको एउटा खुट्टा काटेछन् र त्यसैगरी थाल र चम्चा बजाएछन् । भ्यागुतो पहिलेभन्दा अलि कम उफ्रियो । त्यसको दोस्रो खुट्टा काटेछन् र पुनः थाल चम्चा बजाए । उफ्राइ कम भए पनि भ्यागुता उफ्रियो । त्यसपछि तेस्रो खुट्टा काटे र थाल बजाए । भ्यागुता उफ्रिन नसके पनि अलिअलि चलमलायो । ती वैज्ञानिकले अन्त्यमा भ्यागुताको चौथो खुट्टा पनि काटे र भ्यागुताको कानै नजिक लगेर थालमा चम्चाले हाने । भ्यागुतो उफ्रिएन, चलमलाएन पनि । जोडजोडले थाल ठोक्दै गए तर जति गरे पनि भ्यागुताले हलचल गरेन । उक्त प्रयोगबाट चारवटै खुट्टा काटेपछि भ्यागुताले कान नसुन्ने रहेछ भन्ने निष्कर्ष ती वैज्ञानिकले निकालेछन् ।

नेपालमा अनगिन्ती समस्या छन् । चाहे राजनीतिक क्षेत्रमा हुन् या आर्थिक, जताततै समस्यै समस्या छन् । सामाजिक, सांस्कृतिक, धार्मिक सबै क्षेत्र समस्याबाट मुक्त हुनसकेका छैनन् । सत्ताधारीहरूका निरन्तरका गलत कदमबाट मुलुक समस्यामा जेलिँदै गएकै थियो, अहिले आएर मुलुकभित्र र अझ बढी बाफय मुलुकहरूका कारणबाट नेपाल झन् ठूला समस्याबाट घेरिँदै गएको छ । विकसित मुलुकहरूले उत्पादन गरेका हानीकारक रसायनयुक्त वायु र प्रदूषित जलका कारण नेपालको प्रकृतिसमेत समस्याग्रस्त हुँदैगएको छ । पुसमाघमा जाडो हुन छाडेको छ । असार–साउनमा पर्ने पानी चैत–वैशाखमै पर्न थालेको छ । हिउँदमा सेताम्मे हुने हिमालहरू काला पहाडमा परिवर्तीत हुँदै गएका छन् । यस्ता समस्याबाट मुक्ति पाउन निकालिने उपाय कतै त्यही भ्यागुताको अध्ययन जस्तै भएको त छैन भन्ने प्रमुख चिन्ता हो ।

नेपालले हालै विश्वकै चासो रहेको जलवायु परिवर्तनसम्बन्धी मुद्दामा एउटा गहन बहस सम्पन्न गरेको छ । सगरमाथा सम्वाद नाम दिएर चलाइएको छलफलमा देशीविदेशी विज्ञहरूको सहभागिता रफ्यो र २५ बुँदे सचेतनापत्र जारी गर्‍यो । यो त नेपालको मात्रै समस्या होइन, विश्वकै समस्या हो र यसमा अविकसित राष्ट्रहरूको भन्दा पनि विकसित र औद्योगिक राष्ट्रहरूको बढी र गम्भीर ध्यान जान आवश्यक छ । हिमाल पग्लिनु, पहाड पैरिनु, खोलानाला सुक्दै जानु आदि अरू देशका कारण भइरहेका छन् र पनि नेपालले चासो देखायो । त्यसैगरी नेपालकै शासन व्यवस्थाका कारण देखिएका विकृति र कमजोरीमा समेत नेपाल सरकार संवेदनशील हुन जरुरी छ । समस्या सिर्जित मात्रै होइनन्, पछिल्ला दिनहरूमा समाधानका उपाय खोज्ने क्रम पनि त्यत्तिकै बढेको छ । स्वदेशमा पढेर ख्याति कमाएका मात्रैले नपुगी विदेशबाट उच्चस्तरीय डिग्री हासिल गरेर आएका समेत समावेश गरी अध्ययन कार्यदलहरू गठन हुने गरेका छन् । अध्ययनका लागि दिइएको तीन महिनाको समय पुगेन भनेर कार्यदलहरूले छ महिना, वर्ष दिन लगाएर प्रतिवेदन तयार गर्ने गर्दछन् । सरकारलाई बुझाउँछन्, कार्यान्वयन गर्ने प्रतिबद्धता सरकारबाट आउँछ । कतिपय प्रतिवेदन त्यसै थन्किने गरेका छन् भने कतिपय कार्यान्वयनको चरणमा प्रवेश गर्ने गरेका पनि छन् । यद्यपि मुलुक जहाँको त्यहीं रहनु र समस्या ज्यूँका त्यूँ रहिरहनु चाहिँ अचम्मैको विषय बन्ने गरेको छ । हाम्रो पुरानो उखान छ– टाउकाको औषधि नाइटामा लाई । कतै विशेषज्ञहरूले व्यापक अध्ययन गरेर बनाएका प्रतिवेदनहरू यही उखान जस्तै त भएका छैनन् ? प्रश्न उठ्ने गरेको छ । देब्रे गोडाको शल्यचिकित्सा गर्नुपर्नेमा दाहिने गोडाको गरिएका समाचार आइरहन्छन् । त्यस्तै समस्याको जड एकातिर र विज्ञहरूले पहिल्याएको समाधानको उपाय अर्कैतिर हुनेगरेको त छैन भन्ने पनि जिज्ञासा रहने गरेको छ । होइन भने सर्वसाधारण नागरिकले तिरेको कर खर्च गरी अध्ययन टोली गठन हुन्छ, त्यही रकमबाट समस्या समाधान गर्ने भन्दै खर्च गरिन्छ र पनि समस्या समस्याकै रूपमा रहिरहनुले नेपाली जनतालाई सन्तोष प्रदान गर्न सकेको छैन । गाउँघर घुम्न गयो, जताततै बाँझो जग्गामात्रै देखिन्छ । वडा वडामा सरकारले सामुदायिक विद्यालयहरू खोलेको छ तर विद्यालयका टेबल कुर्सीहरू खाली भेटिन्छन् । स्थानीय तहको सरकार स्थापना भइसकेपछि विकासका लहर गाउँ भित्र्याउने होडबाजी नै चलेको छ । ठूलाठूला स्वास्थ्यचौकी निर्माण भएको देख्न सकिन्छ । भवनहरू सुविधा सम्पन्न छन् तर चिकित्सकको अभाव त छँदैछ नै, त्यसमाथि त्यहाँ गएर स्वास्थ्य परीक्षण गर्नेहरूको अभाव हुन थालेको छ । स्वच्छ हावापानी भएका गाउँहरू बसाइँसराइका कारण रित्तिँदै गएका छन् भने शहरहरू शहरले धान्नै नसक्ने गरी भरिँदै गएका छन् । शहरहरूमध्येको कुनै एउटै व्यवस्थित छ भन्न सकिने खालको छैन । यस्ता अनगिन्ती कुरा छन्, जुन नेपालमा समस्याका रूपमा रहेका छन् । ठूला भनिएका अस्पतालहरूमा बिरामीको संख्या अत्यधिक हुने गर्दछ । अस्पतालमा रहेका चिकित्सकले धान्न पनि सक्दैनन् र त्यहाँ रहेका भौतिक सुविधा पनि पर्याप्त छैनन् । असाध्य रोगका बिरामीको रोग पहिचानका लागि चाहिने उपकरण सरकारी अस्पतालमा या त छैन भनिन्छ या बिग्रेको अवस्थामा हुन्छन् । निजी अस्पतालमा जाने हो भने अति महँगा उपकरणसमेत सही सलामत रहेका हुन्छन् । सरकारी अस्पतालमा आइसीयू बेड पाउनु भनेको त कि भाग्यमा लेखेर आएको हुनुपर्दछ कि ठूलै शक्तिशालीको आशीर्वाद प्राप्त व्यक्ति हुनुपर्दछ । सवारीसाधन चालक अनुमति पत्र प्राप्त गर्न परीक्षा उत्तीर्ण गरेको तीन वर्षभन्दा बढी कुर्नुपर्ने मुलुक नेपालबाहेक शायदै कुनै होला । राष्ट्रिय परिचयपत्र पाउने पनि निश्चित समय तोकिएको छैन । राहदानी लिनका लागि कति हण्डर खानुपर्दछ भन्ने पासपोर्ट बनाउन जानेले मात्र जान्ने कुरा भयो । कर्णालीतिरका बासिन्दाले त नुन किन्न तीन दिन हिँड्नुपर्ने र महिना दिनका लागि पनि नपाउने समाचार कसैका लागि नौलो छैन । दुर्गम भेगका खाद्य संस्थानका गोदामहरूमा कहिले चामल रित्तिएको त कहिले कुहिएका चामलमात्रै रहेका जानकारीमा आउने गरेको छ । सरकारको नीतिले मिटर ब्याजमा ऋण प्रवाह गर्न नपाउने भन्दछ तर सरकारबाटै अनुमति प्राप्त सहकारी संस्था एवं लघुवित्तले मिटर ब्याज जस्तै हुनेगरी ऋण प्रवाह गरेका कारण घर न घाटका भएका हजारौं भेटिन्छन् । साहुहरूले त यसै पनि चक्रवृद्धि ब्याजमा पैसा लगाउने नै भए । आफूले गरेको उत्पादन समयमै बिक्री नभएर वा बिक्री गरेको सामग्रीको यथासमय भुक्तानी नपाएर ऋण लिन बाध्यको आफ्नै कथा छ । निजी डेरीले त किसानको पैसा अड्काए अड्काए, सरकारी स्वामित्वको दूग्ध विकास संस्थानले पनि किसानको दूधको पैसा नदिएर पेशाबाट विस्थापित हुनेहरू बढ्दै गएको प्रत्यक्ष नै छ । मुलुकका सारा समस्या उल्लेख गरेर साध्य हुँदैन । वर्तमानको प्रमुख समस्या भनेको युवाहरूको विदेश पलायन बनेको छ । देशमा जे–जति समस्या उत्पन्न हुँदै गएका छन्, त्यसको मुख्य कारण भनेको युवाहरूको बहिर्गमन नै हो भन्न सकिन्छ । युवाशक्तिले मुलुक छोड्दै जाँदा सरकार, समाज र परिवार सबै लाचार हुँदै गएका छन् र यसबाट नेपाल जस्तो आर्थिक रूपमा कमजोर मुलुकले धान्ने नसक्ने समस्या सिर्जना हुँदै गएका छन् । यसर्थ नेपालको अहिलेको मूल चासो भनेको युवाहरूलाई कसरी स्वदेशमै रोक्ने भन्ने हो तर निरन्तरका कुनै पनि प्रयास सफल हुनसकेको देखिएको छैन । दश वर्षमा बीसवटा सरकार परिवर्तन हुन्छन् र सबै सरकारका प्रधानमन्त्री एवं मन्त्रीहरूले युवाहरूलाई नेपालमै बस्ने वातावरण बनाउने प्रतिबद्धता व्यक्त गर्दछन् । प्रधानमन्त्री फेरिएपिच्छे योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरू परिवर्तन हुन्छन् र उनीहरूले पनि त्यस्तै योजना प्रस्तुत गर्दछन् । राजनीतिक दलहरूले प्रत्येक निर्वाचनमा घोषणापत्र निर्माण गर्दछन् र सबैका घोषणापत्रहरूमा युवाहरूलाई स्वदेशमै पर्याप्त रोजगारी दिने बाचा गरिएका हुन्छन् । यति हुँदाहुँदै पनि किन युवा देशमै बस्ने वातावरण बन्न सकेको छैन ? ध्यान दिनुपर्ने यही नै हो । एयरपोर्टमा प्रहरी बढाएर युवा पलायन रोक्न सकिँदैन । पासपोर्ट दिन ढिलाइ गरेर पनि युवाहरूको विदेश गमनमा अवरोध निम्त्याउन सकिँदैन । लोभ देखाएर वा तर्साएर पनि युवाहरूलाई स्वदेशमै बसाउने प्रयत्न सम्भव हुँदैन । प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता फुटकर रोजगारका योजनाले विदेश जान खुट्टा उचालेका युवा नेपालमै अडिँदैनन् । विदेश जान लालायित भएकासँगैको अन्तर्क्रियाबाट मात्रै नेपाललाई युवाहरूको बसाइका लागि रोजाइको मुलुक बनाउन सकिन्छ र सरकारका कदम पनि त्यसतर्फ उन्मुख हुन जरुरी हुन्छ । युवाहरू नेपालमै बसे बाँझा जमिन जोतिने निश्चित छ । युवाहरूले उत्पादन गरेका कृषिजन्य सामग्रीको खपतको निश्चितता प्राप्त भए खाद्यान्नमा मुलुक आत्मनिर्भर हुँदै जानेमा कुनै शंका छैन । पशुपालनमा युवालाई आकर्षित गरेर उत्पादन खरिद बिक्रीको ग्यारेण्टी भएमा बाबुआमा छाडेर विदेश जाने रहर शायदै पलाउला । दुग्ध किसानले बाटामा दूध पोख्न नपरे विदेशबाट आयात गरिने पाउडर दूधको मात्रा त्यसै घट्छ । हड्तालविहीन विश्वविद्यालयमा पढ्न पाए आमाको न्यानो काख छाडेर जाने रहर गर्नेहरू बिरलै भेटिन्थे होलान् । पाँच महिनासम्म विश्वविद्यालयमा तालाबन्दी हुँदा पनि खोल्नका लागि पर्याप्त पहल हुन नसकेका उदाहरण प्रशस्तै छन् । राजनीतिक दलहरूले नै प्रश्रय दिएर विश्वविद्यालयहरूलाई ध्वस्त बनाउने कार्य रोकिएको छैन । यस्ता समस्या समाधानका लागि पहिलो दायित्व सरकारको हुन्छ नै । त्यसपछि सरकारलाई डोर्‍याउने राजनीतिक दलहरूको भूमिका रहेको हुन्छ । प्रमुख राजनीतिक दलहरू मिलेर देशका संस्था तथा निकायलाई दलीयकरणबाट मुक्त गर्न सकेमा धेरै समस्या आआफैं समाधानको बाटोमा जोनछन् । नेताहरूले भ्रष्टाचार नगर्ने र भ्रष्टाचार हुन नदिने कसम खाने बित्तिकै मुलुकमा सुधार आउने निश्चित छ । कर्मचारीतन्त्रले हाजिर गरेर दिन कटाउने बानी छाडेका दिन देश प्रगतिको बाटोमा दौडने कुरामा शंका गर्नै पर्दैन । शिक्षक र प्राध्यापकहरूले इमानदारीका साथ पढाउने र विद्यार्थी अनुशासित भएर पढ्ने समय आयो भने युवाहरूले विदेशका विश्वविद्यालय रोज्ने क्रम अवश्यै घट्नेछ । सारमा भन्नुपर्दा समस्याको सही जड पहिचान गरी त्यसको समाधानका लागि जिम्मेवारीपूर्वक सबै लाग्न जरुरी छ ।

*–इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पिटल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१–५४७८४०
अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : कार्यक्षेत्रमा जिम्मेवारी बढ्नेछ। गलत तरिकाले धन कमाउनदेखि बच्नुहोस्।
**वृष** : नोकरी वा पेशामा सफलता मिल्नेछ । आर्थिक पक्ष सबल रहनेछ।
**मिथुन** : नोकरी वा पेशामा पदोन्नतिका योग छन्। भाग्यले साथ दिनेछ।
**कर्कट** : स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। नयाँ निर्णयहरू सोचविचार गरेर गर्नुहोस्।
**सिंह** : करियरलाई राम्रो बनाउने अवसर मिल्नेछ। स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ।
**कन्या** : विश्वकल्याणको भावना राख्नुहोस्। करियर र कारोबारले गति लिनेछ।
**तुला** : साहस र बुद्धिले विजय पाइनेछ। स्वास्थ्य सम्बन्धी समस्याबाट मुक्ति मिल्नेछ।
**वृश्चिक** : उन्नतिका नयाँ बाटाहरू खुल्नेछन्।अध्ययन अध्यापनमा मन लाग्नेछ।
**धनु** : व्यय नियन्त्रण राख्नुहोस्। हतार मा कुनै कार्य प्रारम्भ नगर्नुहोला।
**मकर** : संगीत र कलाको क्षेत्रमा सफलता मिल्नेछ।कार्यक्षेत्रमा शत्रुहरू बढ्नेछन्।
**कुम्भ** : योग्य कार्य गर्दै लाभार्जन गर्न सकिनेछ। श्रमको उचित मूल्यांकन मिल्नेछ।
**मीन** : चिताएका कार्य पूरा गर्नमा श्रम धेरै गर्नुपर्छ। स्वास्थ्यलाई लिएर सजग रहनुहोस्।

## स्वास्थ्य चर्चा

# यस्ता गल्तीले कागती पानीको फाइदा बेफाइदामा परिणत हुन्छ

दिनको सुरुवात स्वस्थ तरिकाले गर्दा तपाईँ दिनभर फिट र सक्रिय महसुस गर्नुहुन्छ । विशेष गरी बिहान के खाने र पिउनु हुन्छ, त्यसको प्रभाव दिनभर तपाईँको शरीरमा देखिने गर्दछ । यस्तो अवस्थामा मानिसहरू बिहान स्वस्थकर चीज मात्र खान वा पिउन मन पराउँछन् । यी चीजहरू मध्ये बिहान कागती पानी सबैभन्दा सामान्य र उत्तम उपाय हो । धेरैजसो मानिसले बिहान उठेपछि कागती पानी पिउने गर्छन् । यसलाई स्वास्थ्यका लागि पनि निकै फाइदाजनक मानिन्छ । तर, यो समयमा मानिसहरू धेरै पटक गल्ती गर्छन्, जसका कारण कागती पानीको फाइदा बेफाइदामा परिणत हुन्छ । चर्चित सेलिब्रेटी पोषणविद् रायन फर्नान्डोले यस विषयमा आफ्नो युट्युब च्यानलमा एउटा भिडियो सेयर गरेका छन् । यस भिडियोमा डाक्टरले कागती पानी पिउनु स्वास्थ्यका लागि धेरै राम्रो हुने बताएका छन् । विशेष गरी बिहान उठ्ने बित्तिकै कागती पानी पिउनाले एकै चोटि धेरै फाइदा लिन सक्छ । यद्यपि, यी फाइदाहरू प्राप्त गर्न, यो एक विशेष कुरा दिमागमा राख्न महत्त्वपूर्ण छ । रायन फर्नान्डोका अनुसार मानिसहरू यसलाई बनाउँदा अक्सर कागती पानीमा चिनी मिसाउँछन्, जसका कारण यसका सबै फाइदा बेफाइदामा परिणत हुन थाल्छन् । रायन फर्नान्डोका अनुसार लेमोनेड बनाउँदा पनि यसमा थोरै मात्रामा चिनी नथप्ननु होस् र यसबाहेक तपाईँ कागती पानीमा गुलाबी नुन मिसाउन सक्नु हुन्छ । यसले तपाईँको शरीरमा सोडियमलाई सन्तुलनमा राख्छ ।

*-इहिमालय टाइम्स डटकम*

# यी ४ पेय पदार्थले जमाउँछन् कलेजोमा बोसो



कलेजो हाम्रो शरीरको एक महत्त्वपूर्ण अङ्ग हो । कलेजोले विषाक्त पदार्थहरू हटाउन र पोषक तत्त्वहरू पचाउन मद्दत गर्दछ । तर, खराब खानपिन र अस्वस्थ पेय पदार्थको सेवनले कलेजोमा बोसो जम्मा हुन सक्छ । यसरी कलेजोमा बोसो जम्मा हुनुलाई फ्याटी लिभर भनिन्छ । यो समस्याले बिस्तारै गम्भीर रोगको रूप लिन सक्छ । हाम्रो खानपिन र जीवनशैली यति छिटो छिटो परिवर्तन हुँदै गइरहेछ कि हामीलाई आफ्नोबारे ध्यान दिने समय नै छैन । समयको अभाव र आलस्यका कारण हामी आफ्नो शरीरलाई जे पनि खुवाइरहेका हुन्छौँ । आजको यस लेखमा आमी यस्ता ४ पेय पदार्थबारे कुराकानी गर्नेछौँ, जसको नियमित सेवनले कलेजोमा नराम्रो असर पार्न सक्छ । सफ्ट ड्रिंक्समा चिनी र फ्रुक्टोजको मात्रा धेरै हुन्छ, जसले कलेजोमा अतिरिक्त बोसो जम्मा गराउन सक्छ । यसको निरन्तर सेवनले नन-अल्कोहोलिक फ्याटी लिभर डिजिज (एनएएफएलडी)को जोखिम बढाउँछ । धेरै मदिरा पिउनु कलेजोको लागि सबैभन्दा हानिकारक हुन्छ । यसले सामान्य जानकारी मात्रै दिन्छ । यसलाई पालना गर्नु अघि आफ्नो चिकित्सकसँग परामर्श गर्नु होला ।

*-रातोपाटी डटकम*


## छत्रकोट गाउँपालिकाको अनुरोध

- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| रुद्रहरि पुरी | सावित्रा ज्ञवाली | रामप्रसाद पाण्डेय |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## निस्दी गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।

| मदन अर्याल | तीरन कुमारी श्रेष्ठ | मुक्त बहादुर सारू |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मित्याल, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## कालिगण्डकी गाउँपालिकाको अनुरोध

- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।

| नरेश गिरी | मन्जु कुमारी दर्लामी | बेद बहादुर थापा |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

कालिगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुर्तिघाट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## माथागढी गाउँपालिकाको अनुरोध

- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।

| राम प्रसाद घिमिरे | बिष्णु माया लुङ्गचे | यम बहादुर चिदी |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झडेवा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# गाउँ-गाउँमा आयुर्वेद तथा योग शिक्षा




**कृष्ण पोखरेल**

**पाल्पा,** जेठ ८/गाउँ-गाउँमा जनजीवन स्वस्थ्य, खानपानमा सुधार गर्न, मानिसलाई निरोगी बनाउन, भएका रोगीहरुलाई निको बनाउन रिब्दीकोट गाउँपालिकाले विद्यालय आयुर्वेद तथा योग शिक्षा सम्बन्धी अभियान शुरु गरेको छ । पालुङ्गमैनादी आयुर्वेद औषधालयलमार्फत दुई वटा विद्यालयका शिक्षकहरुलाई आयुर्वेद तथा योग शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम शुरु गरिएको हो ।

अभिमुखीकरण कार्यक्रमको शुभारम्भ गर्दै गाउँपालिका अध्यक्ष नारायण बहादुर कार्कीले पालिकाबासीलाई स्वस्थ्य निरोगी बनाउन विधालयमा मार्फत अभियान शुरु गरेको बताए । अहिलेको खानपान, बसाई तथा अल्छिपनको कारण जटिल भन्दा जटिल रोगहरु लाग्दै गएको, उपचारमा लाखौ, करोडौ खर्च हुने गरेको, उपचार गर्दा नत रोग नै ठिक हुने, नत मानिसनै लामो समय बाच्ने, पैसा ज्यान दुबै बर्बाद हुने समाजको परिस्थीतिलाई बदल्न विद्यालयमार्फत आयुर्वेद तथा योग शिक्षा अभियान शुरु गरेको पालिका अध्यक्ष कार्कीले बताए । कार्यक्रममा ७ का वडा अध्यक्ष दानबहादुर कुवँरले विद्यालयका शिक्षकमार्फत, विद्यार्थी, विद्यार्थी मार्फत परिवारसँग जोड्ने गरी पालिकाको आयुर्वेद श्रोत केन्द्रको रुपमा रहेको आयुर्वेद औषधालयमार्फत विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम शुरु गरेको बताए । यस क्षेत्रमा रहेको, जलेश्वर, कालिकागढी र रिङ्सिङ्ग लेकमा भएको जडीबुटी पहिचान गरी उत्पादन, प्रशोधन गरेर प्रयोगमा ल्याउनु पर्नेमा वडा अध्यक्ष कुवँरले जोड दिए । कार्यक्रममा पालिका स्वास्थ्य शाखा प्रमुख सुनिल अधिकारी, आयुर्वेद औषधालयका प्रमुख डा. र मर्स नेपाल, वैध दिनेशराज, पनेरुले मानिसले अपनाउनु पर्ने, दैनिक खानपान, आहार विहार, योगअभ्यास, स्थानीय स्तरमा पाइने जडिबुटीको प्रयोगका विषयमा सहजीकरण गरेका छन् । अभिमुखीकरणमा कालीका मावि बतासे,सरस्वती मावि खस्यौलीका १२ जना शिक्षकहरुको सहभागिता रहेको छ । कार्यक्रममा सैद्धान्तिक ज्ञान, स्थलमा योग अभ्यास पनि सिकाइएको छ ।

# आज युगकवि सिद्धिचरण श्रेष्ठको जन्मजयन्ती



**पाल्पा,** जेठ ८/आज युवकवि सिद्धिचरण श्रेष्ठको १ सय १४ औं जन्मजयन्ती । वि.सं. १९६९ साल जेठ ९ गते ओखलढुङ्गामा आजकै दिन युगकवि श्रेष्ठको जन्म ओखलढुंगामा भएको थियो । उनी नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारका प्रवर्तक मानिन्छन् । उनको जन्मजयन्तीका अवसरमा आज देशैभर विभिन्न कार्यक्रम हुँदै छन् ।

सिद्धिचरण श्रेष्ठ नेपाली साहित्यमा युगकवि र नेपाल भाषामा कविरत्नका रुपमा चिनिन्छन् । युगकवि श्रेष्ठले आफ्नो जीवनको साढे छ दशक लामो साहित्य साधनाका सन्दर्भमा फुटकर कविता, गीत, खण्डकाव्य, नाटक, पद्यनाटक, कथा, निबन्ध, समालोचना, यात्रासंस्मरण लगायतका विधामा सफलतापूर्वक कलम चलाएका छन् । उनका 'मेरो प्यारो ओखलढुंगा', 'निर्झर', 'भीमसेन थापा', 'शबरी', 'जूनकीरी' लगायतका मर्मस्पर्शी रचनाहरु सर्वाधिक चर्चामा छन् । उनका कविता संग्रह 'मेरो प्रतिबिम्ब', 'कोपिला', 'कुहिरो र घाम' लगायत खण्डकाव्यहरु 'उर्वशी', 'ज्यानमारा शैल', 'आँसु' लगायतका कृति रहेका छन् । उनको अत्यन्तै लोकप्रिय र कर्णप्रिय गीतिकविता मेरो प्यारो ओखलढुंगा कालजयी सिर्जना हो । नेपाली शोककाव्य जगतमा कविवर माधवप्रसाद घिमिरेको कालजयी सिर्जना गौरीको जुन स्थान छ, स्थान परिचय र देशभक्तिको भावनामा युगकवि सिद्धिचरणको मेरो प्यारो ओखलढुंगा सिर्जनाको त्यही स्थान छ । सिद्धिचरणले संवत् १९९० सालमा भुइँचालो कविता लेखनबाट आफ्नो साहित्यिकयात्रा आरम्भ गरेका हुन् । राष्ट्र, राष्ट्रियता एवं जन्मभूमिप्रतिको स्नेहपूर्ण भक्तिभाव उजागर गर्न उनको चम्कन युवक चम्क कविताले राष्ट्रबोधको बारेमा राम्रो सन्देश-प्रवाह गरेको छ । विसं १९९७ सालमा 'क्रान्तिबिना शान्ति हुँदैन' भन्ने कविता लेखेवापत तत्कालीन सरकारले उनलाई १८ वर्षको जेल सजाय तोकेको थियो । श्रेष्ठको २०४९ जेठ २२ गते काठमाडौँको धर्मपथस्थित आफ्नै निवासमा निधन भएको थियो ।

## खेलकुद समाचार

### प्रधानमन्त्री कप भलिबलमा एपीएफ र गण्डकी विजयी



**काठमाडौ,** जेठ ८/बिहीबारदेखि शुरू भएको नवौं प्रधानमन्त्री कप एनभीए भलिबल लिगमा पुरुषतर्फ नेपाल एपीएफ क्लब र गण्डकी प्रदेशले विजयी शुरुआत गरेका छन् । पोखरा रङ्गशालाको कभर्ड हलमा भएको खेलमा एपीएफले सुदूरपश्चिम प्रदेशलाई ३-० को सोझो सेटमा हरायो । यस्तै गण्डकीले कोशी प्रदेशलाई ३-१ को सेटमा हरायो । यस्तै पुरुषतर्फ नै अहिले त्रिभुवन आर्मी क्लब र हेल्प नेपाल स्पोर्ट्स क्लब खेलिरहेका छन् भने केहीबेरमा नेपाल पुलिस क्लब र मणिमुकुन्द भलिबल क्लब खेल्दैछन् । नेपाल भलिबल सैको आयोजनामा एक हप्तासम्म चल्ने प्रतियोगितामा महिलातर्फ ६ र पुरुषतर्फ ८ टोलीको सहभागिता छ । सबैले एकअर्कासँग खेलेपछि अङ्क तालिकाको शीर्ष ४ मा रहने टोलीले सेमिफाइनल खेल्नेछन् । दुवैतर्फको विजेताले ८ लाख, दोस्रो टोलीले ४ लाख र तेस्रो टोलीले २ लाख रुपैयाँ प्राप्त गर्नेछ । यस्तै विजेता २ टोलीले नेपालको प्रतिनिधित्व गर्दै काभा क्लब च्याम्पियन्स लिगमा प्रतिस्पर्धा गर्नेछन् ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

### धार्मिक पर्यटन प्रवर्द्धनमा दुई स्थानीय सरकारबिच सहमति



**बुटवल,** जेठ ८/धार्मिक पर्यटन प्रवर्द्धनमा दुई स्थानीय सरकारबिच सहकार्य गर्ने सहमति भएको छ । रुपन्देहीको बुटवल उपमहानगर र मुस्ताङको घरपझोङ गाउँपालिकाबिच धार्मिक पर्यटन प्रवर्द्धनमा सहकार्य गर्ने सहमति भएको हो ।

मुस्ताङ भ्रमणमा रहेको उपमहानगरको टोलीले घरपझोङ पालिकाका पदाधिकारीसँग भेटघाट गरी पर्यटन प्रवर्द्धनमा सहकार्य गर्ने सहमति गरेका हुन् । कालीगण्डकी करिडोरलाई धार्मिक पर्यटकीय मार्गको रुपमा विकास गर्ने विषयमा दुई पालिकाबीच सहमति भएको छ । दुई पालिकाबीच भगिनी सम्बन्ध कार्यक्रम गर्नेसमेत समझदारी भएको छ । भगिनी सम्बन्धलाई औपचारिकता दिन गर्न निकट भविष्यमै आपसी सल्लाहमा कार्यक्रम तय गरिनेछ । बुटवल मुक्तिनाथ पर्यटकीयमार्गको क्षेत्रमा अवस्थित सबै स्थानीय सरकारको भेला आयोजना तथा अन्तरक्रिया आयोजना गर्न पहल गर्ने सहमति भएको पनि बुटवल उपमहानगरका मेयर खेलराज पाण्डेले जानकारी दिए । 'बुटवलबाट कालीगण्डकी करिडोर हुँदै मुक्तिनाथसम्मको धार्मिक पर्यटकीय विकास गर्ने कुरामा दुवै पालिकाबीच समझदारी भएको छ,' उनले भने 'यसका लागि दुबै पालिकाले संयुक्त रुपमा काम गर्ने र अरु पालिकालाई पनि समेटेर यहाँ भएका समस्यालाई समाधान गर्दै लैजाने, बुटवलदेखि मुक्तिनाथसम्मका धार्मिक पर्यटकीय क्षेत्रलाई व्यापक रुपमा विस्तार गरी प्रचार-प्रसार गर्ने निर्णय भएको छ ।' मुस्ताङको कोरोला नाकाबाट बुद्ध जन्मस्थल लुम्बिनीसम्म बुद्ध धर्मसम्बन्धी पर्यटनलाई विकास गर्दै लैजाने सहमति भएको पाण्डेले बताए । भारतका तीर्थस्थल, लुम्बिनी र मुक्तिनाथलाई जोड्न सकिए भारतीय र तिब्बती पर्यटक आगमन बढाउन सकिने सम्भावना रहेको उनको भनाइ छ । घरपझोङ गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले बुटवल-मुक्तिनाथ पर्यटकीय प्रवर्द्धनले समग्र देशको अर्थतन्त्रलाई चलायमान गराउने आशा व्यक्त गरे । मुस्ताङमा उत्पादित स्थानीय उत्पादनको प्रवर्द्धन तथा बजार व्यवस्थापनमा बुटवल उपमहानगरले पहल गर्नेछ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई